म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ११८ २०८० चैत ५ गते सोमबार 18 March 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

उपभोक्ता अधिकारको रक्षा गरौं ।

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनौट सुनुवाईको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कक्षा-८ को परीक्षा सुरू

# प्रश्नपत्रमा गम्भीर त्रुटी, पूर्णाङ्क ५० प्रश्नपत्र ४७ को मात्रै



*हेटौंडा-६, चौघडास्थित सुनगाभा शिक्षा निकेतनमा कक्षा-८ को परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले कक्षा ८ को वार्षिक परीक्षा आइतबारबाट सञ्चालन गरेको छ । आइतबार पहिलो दिन अनिवार्य गणित विषयको परीक्षा भएको छ । गणित विषयको प्रश्नपत्रमा गम्भीर त्रुटी भएको पाइएको छ । ५० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गर्नुपर्नेमा ४७ अंकको मात्रै प्रश्न समावेश गरिएको छ ।

भुटनदेवी माविमा कक्षा-८ मा अध्ययनरत छात्रा भाषिका कोइरालाले ५० पूर्णाङ्कको परीक्षा भनिए पनि प्रश्नपत्रमा पूर्णाङ्क ४७ मात्रै रहेको जानकारी दिनुभयो । भाषिकाले पूर्णाङ्क बराबरको प्रश्नपत्र तयार नपारिएको अभिभावकलाई जानकारी गराउनुभएको हो । भाषिकाकी बुबा वेदराज कोइरालाले भन्नुभयो, "छोरीले परीक्षा दिएर आएपछि पूर्णाङ्क बराबरको प्रश्नपत्र तयार नभएको भनी बताइन् । जोडेर हेर्दा ४७ अंक मात्रै पुगेको पाइयो । भुटनदेवी माविकै शिक्षक समेत रहनुभएका कोइरालाले प्रश्नपत्र पनि विशिष्टीकरण तालिका (ग्रेड) अनुरुप नभएको बताउनुभयो ।

यस्तै मकवानपुरगढी गाउँपालिकाको प्रश्नपत्रमा हेटौंडा उपमहानगरपालिकाको ठेगाना उल्लेख गरिएको पाइएको छ । पालिकास्तरीय परीक्षामा यस किसिमको त्रुटीलाई लिएर आइतबार साँझदेखि सामाजिक सञ्जालमा व्यापक आलोचना भइरहेको छ । दिनको १ बजेबाट परीक्षा सञ्चालन गरिएको थियो । कक्षा-८ को वार्षिक परीक्षा चैत १० गतेसम्म सञ्चालन हुनेछ ।

हेटौंडा उपमहानगरपालिकाका ८१ वटा विद्यालयका चार हजार तीन सय एक जना विद्यार्थीले परीक्षा फारम भरेका थिए । पहिलो दिन कति विद्यार्थी परीक्षामा सहभागी भए भन्ने विवरण हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले उपलब्ध गराउन सकेको छैन । महाशाखा प्रमुख हरिचन्द्र सापकोटाले परीक्षामा सहभागी विद्यार्थीको विवरण विद्यालयबाट संकलन गरी एकीकृत गर्न जनशक्ति अभाव भएको उहाँको भनाइ छ ।

कक्षा-८ को वार्षिक परीक्षामा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविबाट सबैभन्दा बढी तीन सय २९ जना विद्यार्थीले फारम भरेका छन् । कक्षा-८ को परीक्षा तालिका र सञ्चालन विधिका विषयमा विद्यालयका प्रधानाध्यापकहरुसँगको बैठकमा दुईवटा महत्वपूर्ण पक्षमा छलफल भएको थियो । एउटा समूहले फरक विद्यालयमा परीक्षा केन्द्र तोकेर परीक्षा सञ्चालन गर्ने र परीक्षा चैत दोस्रो सातादेखि सञ्चालन गर्ने प्रस्ताव गरेका थिए । तर, अर्को समूहले परीक्षा सञ्चालन चैत पहिलो साताबाटै सुरु गर्नुपर्ने, आफ्नै विद्यालयमा परीक्षा दिने व्यवस्था हुनुपर्ने माग राखेका थिए । हेटौंडाका सामुदायिक विद्यालयमा वार्षिक परीक्षा चैतको पहिलो सातामै सुरु भएको छ भने निजी विद्यालयले चैत १६ गतेबाट सञ्चालन गर्दैछ । यस वर्षको एसईई चैत १५ गतेबाट सुरु हुँदैछ ।

## गाँजासहित दुई जना पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित दुई जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा कैलाश गाउँपालिका-१० नामटार घर भई हाल हेटौंडा-१९ बस्दै आएका २५ वर्षीय मदन तामाङ र ३८ वर्षीय शर्मिला भोलन रहेका छन् ।

शनिबार राती ८ बजेर ४५ मिनेटको समयमा हेटौंडा-११ स्थित सरस्वती चोकमा नवलपुरबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००३ प ७७७७ नम्बरको मोटरसाइकललाई रोकेर सुरक्षाजाँच गर्दा चालक तामाङ र सवार भोलनको साथबाट प्रहरीले २३ केजी गाँजा फेला परेको प्रहरीले जनाएको छ । लागुऔषध गाँजासहित दुवैलाई पक्राउ गरी थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखिएको छ ।

## बालिकालाई ठक्कर दिएर फरार रहेको स्कुटर चालक पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले बालिकालाई ठक्कर दिएर फरार रहेका स्कुटर चालकलाई पक्राउ गरेको छ । शनिबार प्रहरीले स्कुटर चालक सागर पुडासैनीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

गत फागुन २५ गते शुक्रबार राति ८ बजेर ३० मिनेटको समयमा हेटौंडा उपमहानगरपालिका-५, पिप्लेस्थित हाम्रो पाठशाला छात्राबास नजिक भित्री सडकमा ७ वर्षीय बिनिशा पुडासैनीलाई ग ८ प ४१५२ नम्बरको डियो स्कुटरले ठक्कर दिएको थियो । स्कुटरको ठक्करबाट गम्भीर घाइते भएकी बिनिशालाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । अवस्था गम्भीर भएपश्चात् उनलाई थप उपचारका लागि पुरानो मेडिकल कलेज चितवन रिफर गरिएको थियो । बिनिशाको अवस्था हालसम्म पनि गम्भीर नै रहेको प्रहरीले जनाएको छ ।

फरार रहेका पुडासैनीलाई 'सवारी दुर्घटनाबाट मानिस अङ्गभङ्ग शीर्षकमा मुद्दा दर्ता गरी थप अनुसन्धान तथा कारबाही अगाडि बढाइएको प्रहरीले जनाएको छ । प्रहरीले अनुसन्धानका लागि जिल्ला अदालत मकवानपुरबाट ३ दिनको म्याद थप गरेको जनाइएको छ ।

## हेटौंडा अस्पतालमा इमर्जेन्सी फार्मेसी सञ्चालन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१ स्थित हेटौंडा अस्पतालमा इमर्जेन्सी फार्मेसी सञ्चालन गरिएको छ । अस्पतालमा बढ्दै गएको बिरामीको चाप र इमर्जेन्सी बिरामीहरुलाई मध्यनजर गर्दै आइतबारबाट इमर्जेन्सी फार्मेसी सञ्चालन गरेको फार्मेसी इन्चार्ज विकास लामाले जानकारी दिनुभयो ।

इमर्जेन्सी फार्मेसी २४ घण्टा नै सञ्चालन हुनुपर्ने भए पनि अस्पतालमा कर्मचारीको अभावले गर्दा बिहान ९ बजेबाट बेलुका ४ बजेसम्म मात्र सञ्चालन हुने फार्मेसी इन्चार्ज लामाले बताउनुभयो । इमर्जेन्सीमा उपचारका लागि आएका बिरामीको सहजताका लागि फार्मेसी सञ्चालन गरिएको उहाँको भनाइ छ । इमर्जेन्सीका बिरामीहरु औषधीका लागि धेरै टाढा जान नपरोस् भन्ने उद्देश्यले इमर्जेन्सी कक्षनजिकै फार्मेसी सञ्चालन गरेको र इमर्जेन्सी फार्मेसीमा इमर्जेन्सीका बिरामीहरुलाई आवश्यक पर्ने सबै प्रकारका औषधी पाइने फार्मेसी इन्चार्ज लामाले जानकारी दिनुभयो ।

## नेपालमा अपांगता जनसंख्या साढे ६ लाख

काठमाडौंः नेपालमा अपांगता भएको जनसंख्या साढे ६ लाख रहेको देखिएको छ । २०७८ सालको जनगणनाले यस्तो देखिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले आइतबार सार्वजनिक गरेको विवरण अनुसार नेपालमा ६ लाख ४७ हजार ७४४ जनामा अपांगता देखिएको छ । यो कुल जनसंख्याको २.२ प्रतिशत हिस्सा हो । नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ जना रहेको छ । अपांगताको ठूलो हिस्सा गण्डकी प्रदेशमा देखिन्छ । जहाँ जनसंख्याको २.९ प्रतिशतमा अपांगता रहेको छ ।

अपांगतालाई शारीरिक, न्यून दृष्टियुक्त, पूर्ण दृष्टियुक्त, बहिरोपन, सुस्तश्रवण, श्रवण दृष्टिविहीन गरी वर्गीकरण गरिएको छ । यसैगरी स्वर र बोलाइ, मानसिक वा मनोसामाजिक, बौद्धिक अपांगता, अनुवंशीय रक्तश्राव, अटिजम र बहुअपांगता भनी वर्गीकरण गरिएको छ । शारीरिक अपांगता पुरुषमा बढी देखिएको छ । न्यून दृष्टियुक्त समस्या महिलामा बढी देखिन्छ ।

*स्रोतः अनलाइनखबर ।*

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## १८३ जना महिलाको स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिक-५, आमभञ्ज्याङमा भएको स्त्रीरोग परीक्षण शिविरमा १८३ जना महिलाले स्वास्थ्य परीक्षण गराएका छन् । आइतबार आमभञ्ज्याङ स्वास्थ्य चौकीमा गाउँपालिकाको आयोजना तथा नेपाल परिवार नियोजन संघ मकवानपुर शाखाको प्राविधिक सहयोगमा एक दिने स्वास्थ्य शिविर सञ्चालन भएको हो ।

शिविरमा १८३ जना महिलाको पाठेघर मुखको क्यान्सर परीक्षण गर्दा तीन जनामा उच्च जोखिम रहेको पाइएको स्वास्थ्य चौकीका ईन्चार्ज सन्देश घिमिरेले जानकारी दिनुभयो । स्त्रीरोग विशेषज्ञ डा. विदुर भण्डारीले शिविरमा स्वास्थ्य परीक्षण गर्नुभएको थियो । शिविरमा आङ खस्ने समस्या रहेको ६ जनालाई रिनप्रेसरी राखिएको छ । रेक्टोशील र सिक्टोशीलका बिरामी एक/एक जना पत्ता लगाई थप उपचार गरेको घिमिरेले बताउनुभयो ।

शिविरबाट पाठेघरको मुखमा पिलिप (मासु पलाएको) पाइएपछि ५ जनालाई थप उपचार गरिएको छ । शिविरमा लामो अवधिको परिवार नियोजनको साधन ६ जनाले प्रयोग गरेका छन् । शिविरमा नेपाल परिवार नियोजन संघका व्यवस्थापक ममता श्रेष्ठ, स्वास्थ्यकर्मीहरु महेश पाण्डे, सिर्जना रिमाल, सुशीला घिमिरे, गायत्री सापकोटालगायत स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

# हेटौंडाबाट ५ जना बालश्रमिकको उद्दार

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, थानाभऱ्याङबाट पाँच जना बालश्रमिकको उद्दार गरिएको छ । हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री घोषणा गर्ने तयारीमा रहे पनि अझै बालश्रम भने रोकिएको छैन ।

आइतबार हेटौंडा उपमहानगापालिकाको बालश्रमिक उद्दार तथा पुनर्स्थापना उपसमितिको संयोजकत्वमा बागमती प्रदेश श्रम तथा रोजगार कार्यालय, बाल हेल्पलाइन मकवानपुर र हेटौंडा उपमहानगरपालिकाको बाल सहजकर्ताको टोलीले अनुगमन गरी थानाभऱ्याङका विभिन्न स्थानबाट पाँच जना बालश्रमिकको उद्दार गरेको हो । अनुगमनका क्रममा हेटौंडा रिपेयरिङ वर्कशपमा काम गर्ने पर्साको विश्रामपुर गाउँपालिकाका १५ वर्षीय बालक र पर्साकै परवानीपुर गाउँपालिका-४ का १७ वर्षीय बालकको उद्दार गरिएको छ । उद्दार गरिएकामा अंकुश हेयरड्रेसरमा काम गर्ने बाराका १७ वर्षीय बालक, केएफसी इन्टरनेशनल कम्पनीमा कार्यरत भारतका दुई जना १६ वर्षीय बालश्रमिकहरु रहेका छन् ।

हेटौंडा उपमहानगरपालिकाको बालश्रम अनुगमन समितिका अध्यक्ष सुरज बर्तौलाको संयोजत्वमा खटिएको अनुगमन टोलीमा बागमती प्रदेश श्रम तथा रोजगार कार्यालयका प्रमुख छन्दनारायण श्रेष्ठ, बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवाली, हेटौंडा-११ का वडा सदस्य सञ्जय बिडारी, जिल्ला प्रहरी कार्यालय मकवानपुरकी प्रहरी सहायक निरीक्षक संगीता लामा, नगर बालसहजकर्ता सपना ढुङ्गानालगायतको सहभागिता रहेको थियो । उद्दार गरिएका बालकश्रमिकहरुलाई संरक्षण तथा परार्मशका लागि बाल हेल्पलाइन मकवानपुरमा राखिएको छ । परामर्शपश्चात् उनीहरुलाई थप अनुसन्धानका लागि श्रम तथा रोजगार कार्यालय पठाउने जनाइएको छ ।

बाल हेल्पलाइन मकवानपुरका संयोजक ज्ञवालीको अनुसार चालु आर्थिक वर्षको चैतसम्म ३३ जना बालश्रमिकहरुको उद्दार गरिएको छ । जसमा २४ बालक र ९ बालिका रहेका छन् । यो संख्या गत आर्थिक वर्षको भन्दा बढी हो । गत आर्थिक वर्षमा ४ जना बालश्रमिकहरुको उद्दार गरिएको थियो ।

ज्ञवालीका अनुसार बालश्रममा लगाउने रोजगारदाताले बालबालिकाहरुको पहिचान खुल्ने कागजात नराख्ने गरेको पाइएको छ । श्रमिक आफैंले ढाँट्दा र उमेर खुल्ने कागजात नहुँदा अनुसन्धान गर्न समस्या हुने गरेको उहाँले बताउनुभयो । बालबालिकाहरु विद्यालय गएका छन् कि छैनन्, काम गर्ने ठाउँमा कति पारिश्रमिक पाइरहेको छ ? र काम गर्ने ठाउँ सुरक्षित छ कि छैन भनेर अनुगमन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

बागमती प्रदेश श्रम तथा रोजगार कार्यालय प्रमुख श्रेष्ठले अनौपचारिक क्षेत्रमा काम गर्ने बालश्रमिकहरुको अवस्थाबारे स्थलगत अनुगमन गरेको बताउनुभयो । अनुगमनका क्रममा बालश्रममा लागेको पाइएका र लगाइएकाहरुमाथि कारबाही गर्ने प्रक्रिया सुरु भएको उहाँले बताउनुभयो । उनीहरुको कामको प्रकृति, उमेरअनुसार र उनीहरुको बयानको आधारमा कति जरिवाना र कति कैद भन्ने पछि खुल्ने उहाँले बताउनुभयो । बालश्रम नियमित तथा निषेधित ऐन २०५६ को अधिनमा रहेर कार्यालयले काम गर्ने उहाँले बताउनुभयो ।

# प्रदेशका ३ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशभित्रका तीन जिल्लामा विभिन्न घटनामा परी तीन जनाको मृत्यु भएको छ । सिन्धुपाल्चोक, दोलखा र चितवनमा फरक-फरक घटनामा तीन जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

आइतबार बिहान २ बजेको समयमा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-६, जलबिरेमा बस दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । नारायणगढ-मुग्लिङ सडकखण्डमा रौतहटबाट पोखरातर्फ जाँदै गरेको ग १ ख ८५२४ नम्बरको बसले रोकी राखेको ना ६ ख ३५८० नम्बरको ट्रकलाई ठक्कर दिँदा बसमा सवार पाँच जना घाइते भएका थिए । घाइतेमध्ये बसमा सवार भारतको मोतिहारी जिल्ला चम्पारणका ३७ वर्षीय गौरी दासको भने उपचारका लागि अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको छ । घाइते चारजनाको चितवनको नयाँ मेडिकल कलेजमा उपचार भइरहेको छ ।

यस्तै सिन्धुपाल्चोकको पाँचपोखरीमा थाङपाल गाउँपालिका-६ मा भीरबाट लडेर घाइते भएका एकजनाको मृत्यु भएको छ । शुक्रबार दिउँसो ३ बजेको समयमा सोही ठाउँकी ५५ वर्षीया पेमा तामाङ लामा गोरु चराउन तथा घाँस काटन जंगल गएकोमा भीरबाट लडेकी थिइन् । अबेरसम्म पनि लामा घर नफर्किएपछि आफन्तले खोजतलास गर्दा राति ९ बजेको समयमा घरबाट एक किलोमिटर पर भीरबाट लडेर गम्भीर घाइते अवस्थामा पेमा फेला परेकी थिइन् । घाइते लामालाई उपचारका लागि मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा पुऱ्याइएको थियो । सामान्य उपचार पश्चात थप उपचारका लागि नेपाल मेडिकल कलेज अत्तरखेल काठमाडौंमा लगिएकोमा उपचारको क्रममा शनिबार बिहान डाक्टरले लामालाई मृत घोषणा गरेको हो ।

यस्तै शनिबार दोलखा जिल्लामा श्वास फेर्न गाह्रो भएर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कालिञ्चोक गाउँपालिका-२ का ६६ वर्षीय रण बहादुर थामी रहेका छन् । श्वास फेर्न गाह्रो भएर उपचारका लागि बिहान सामुदायिक रोल्वालिङ अस्पताल सिंगटीमा लगिएकोमा उपचार पश्चात डिस्चार्ज भएर घर फर्किएका थामीको बेलुका ५ बजे मृत्यु भएको हो । विगु गाउँपालिका-८ कोप्लाङस्थितमा रहेको कालिन्चोक हाईड्रोपावरको पाईप लाईन बिछ्याउनका लागि खनिरहेको पहाडबाट निस्केको धुलोको कारणले थामीको मृत्यु भएको भन्दै स्थानीहरुले क्षतिपूर्ति माग गरेका थिए । शवलाई आइतबार बिहान चरिकोट अस्पतालमा राखिएको छ ।

## सम्पादकीय

# वन डढेलोप्रति सचेतना

नेपालमा वन डढेलो जटिल समस्या बन्ने गरेको छ । फागुन र चैत महिना डढेलेको लागि जोखिमपूर्ण मानिन्छ । गर्मी बढ्दै जाने, पानी नपरेर जमिन सुख्खा हुने, हावाहुरी चल्ने, विरुवाका पात झर्ने कारण यस समयमा वन डढेलोको प्रकोप व्यापक बन्ने गरेको छ । वन डढेलोमात्र नभई यसबेला आगलागीका घटना पनि अन्य समयभन्दा बढी हुने गरेको छ । फागुन, चैत महिनामा वन डढेलोको समस्या विकराल बन्ने गरेका कारण वन डढेलोसम्बन्धी सचेतनामूलक कार्यक्रमका साथै डढेलो नियन्त्रणका विशेष अभ्यास र तयारी गर्ने गरिएको छ । यस वर्ष पनि डिभिजन वन कार्यालय मकवानपुरले वन डढेलोविरुद्ध सचेतनामूलक सप्ताह सुरु गरेको छ । वन डढेलो र यसले पार्ने असर न्यूनीकरणका लागि यस्ता सचेतनामूलक कार्यक्रम उपयोगी हुन्छन् । तर, सिमित क्षेत्र र समयमा गरिने यस्ता कार्यक्रम पूर्ण प्रभावकारी भने बन्न सकिरहेको पाइँदैन ।

वन डढेलो लाग्न नदिन र नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन सुरु गरिएको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् डिभिजन वन कार्यालयले ४० वटा डढेलो नियन्त्रण सञ्जाल गठन गरेको छ । डिभिजनको कार्यक्षेत्रका ३ देखि ५ वटा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा डढेलो नियन्त्रण सञ्जाल गरिएको हो । यस्ता सञ्जालले सामुदायिक वनसँगको समन्वयमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनमा सहयोग गर्नेछन् । वन डढेलो नियन्त्रणका लागि हरित स्वयम्सेवक परिचालनसमेत गरिएको छ । डिभिजन र मातहतका सब डिभिजनमार्फत् वन डढेलो सचेतनामूलक ऱ्याली, माइकिङ, स्कूल कार्यक्रम, रेडियो तथा पत्रपत्रिकामार्फत् सचेतना सामग्री प्रसारण र प्रकाशनका कार्यहरु पनि सञ्चालन गरिएका छन् । वन डढेलो नियन्त्रणका लागि विभिन्न वन क्षेत्रमा अग्निरेखा निर्माण तथा मर्मत गरिएका छन् । वन क्षेत्रको झाडी सफाई गर्नुका साथै सम्भावित ज्वलनशील पदार्थहरु हटाउने कार्य पनि भइरहेका छन् । मकवानपुरका सबै सामुदायिक वनहरुमा प्रतिकात्मक डढेलो तथा नियन्त्रित वन डढेलोमार्फत् वन डढेलो जोखिम कम गर्ने कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

वन क्षेत्रमा डढेलो लाग्ने वा लगाउने विभिन्न कारणहरु छन् । सामान्यतया: वन डढेलोको मुख्य तीनवटा कारण रहेका छन् । मानवीय असावधानीका कारण डढेलो सल्कने, प्राकृतिक कारणबाट डढेलो लाग्ने र मानिसले जानीजानी डढेलो लगाउने गर्दछन् । वन क्षेत्रमा प्रवेश गर्ने मानिसले चुरोट खाएर जथाभावी चुरोटको ठुटो फ्याँक्ने, वनभोज खाएपछि चुल्होको आगो ननिभाई हिँड्ने, वन क्षेत्र नजिक आगो बाल्नेजस्ता मानवीय लापरबाहीले वन डढेलो लाग्ने गर्दछ । यस्तै, चट्याङ पर्ने, हावाहुरी चल्दा विभिन्न वस्तुमा घर्षण भई आगो सल्कने, वन क्षेत्रमा रहेका विद्युतीय तारहरु सर्ट हुनेजस्ता प्राकृतिक कारण वन डढेलो लाग्ने गर्दछ । घाँस उमार्न, वन्यजन्तु तस्करी गर्न तथा वनजंगलका काठहरु तस्करी गर्नका लागि मानिसले जानीजानी पनि वन क्षेत्रमा डढेलो लगाउने गरेको पाइन्छ । कतिपय मानिसले ख्यालख्यालमै र माइलोका लागि वनमा डढेलो लगाउनेसमेत गर्दछन् ।

वन डढेलोको समस्या मकवानपुर जिल्लामा पनि व्यापक हुने गर्दछ । वन डढेलोका कारण वन क्षेत्र वरपरका बस्तीसमेत आगलागीको उच्च जोखिममा पर्ने गरेका छन् । डढेलोका कारण वनमा रहेका विरुवा तथा जीवजन्तु मर्ने र वातावरणमा नकारात्मक प्रभाव पर्ने गर्दछ । डढेलो लागेपछि नियन्त्रण गर्न गाह्रो हुने भएकाले डढेलो लाग्नै नदिन पर्याप्त सचेतना दिनुपर्ने देखिन्छ । वन तथा वातावरणसँग सम्बन्धित विभिन्न सरकारी तथा गैरसरकारी निकायले डढेलो नियन्त्रणका लागि केही प्रयत्न गर्दै आएका भए पनि त्यो पर्याप्त देखिँदैन । वन डढेलो र आगलागी हुन नदिन सबै क्षेत्रमा पर्याप्त सचेतनामूलक कार्यक्रम गर्नुपर्छ । डढेलो लागिहालेको अवस्थामा त्यसको नियन्त्रणका लागि प्रभावकारी उपाय अपनाउनुका साथै डढेलो लाग्नै नदिन जनसमुदायमा सचेतना फैलाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसायका कामबाट लाभ प्राप्त हुनेछ ।
**वृष** : मानसिक विचलन कायम रहने समय योग छ ।
**मिथुन** : दान पुण्यका क्षेत्रका काममा खर्च बढ्ने समय छ ।
**कर्कट** : धार्मिक र पारस्परिक कामको दायित्व बढ्ने योग छ ।
**सिंह** : वाणी प्रधान कार्यबाट लाभ हुने समय योग छ ।
**कन्या** : चुनौति र समस्यालाई चिर्दै अगाडी बढ्दा राम्रो ।
**तुला** : घरायसी समस्याहरु क्रमश हल हुँदै जालान् ।
**वृश्चिक** : विवाह र तर्कमा विजय प्राप्त हुने समय योग छ ।
**धनु** : तर्क, विचार र निर्णयमा द्विविधा आइपर्ला ।
**मकर** : चिन्तन र उपाय महत्वपूर्ण बनाउनुपर्ने समय छ ।
**कुम्भ** : घरायसी काममा खट्नुपर्ने समय योग देखिन्छ ।
**मीन** : पराक्रमले काममा पूर्णता प्राप्त हुने समय योग छ ।

# फागू पूर्णिमा अर्थात होली पूर्णिमाको रौनक



✍अमर अधिकारी



प्रत्येक वर्ष वसन्तपुरमा विधिपूर्वक चिर ठड्याइएसँगै फागुपर्व सुरु हुन्छ । हनुमानढोका दरवारको गद्दी बैठकको दक्षिणतर्फ तीनतले चीर ठड्याएपछि मुलुकभर फागु अर्थात् होली पर्व सुरु हुने गर्दछ। भक्तपुरको बाँसघारीबाट ल्याइएको बाँस तथा गुह्येश्वरीबाट ल्याइएको मयल रुखको हाँगालाई आइतबार बिहान विशेष पूजा गरी ठड्याइने गरिन्छ । रङ्गीचङ्गी कपडाहरु झुन्ड्याइएको टुप्पोमा मयलको रुखको हाँगा बाँधिएको अग्लो बाँसको चीर ठड्ईन्छ । त्यसपछि चीरलाई परिक्रमा गर्दै त्यहाँ एक आपसमा अविर छ्यापी हर्ष र उल्लासका साथ होली खेल्न सुरु हुन्छ । सो अवसरमा स्थानीयवासी तथा नेपाली सेनाको सहभागितामा गुर्जुको पल्टनले सलामीसमेत दिने गर्दछ । असत्यमाथि सत्यको विजय हुने मान्यताका साथ प्रतीकात्मक रुपमा चिर उठाउने र एकसातापछि फागु पूर्णिमाका दिन सो चिर ढलाएर टुँडिखेलमा पुर्याइ दहन गर्ने परम्परा रहेको छ । चीर बीचमै ढलेको खण्डमा पुनः ठड्याई शान्ति स्वस्ति र क्षमा पूजागरिने चलन छ। त्यसरी अचानक चीर ढलेका कारण देशमा कुनै संकट नपरोस् र अनिष्ट नहोस् भनी ब्राह्मणद्वारा स्वस्ति, शान्ति, होम र क्षमा पूजा गराइने चलन रहँदै आएको छ । त्यसै अवसरमा हनुमानढोका दरवार परिसर तथा हनुमानढोका दरवारभित्रको मोहनकाली चोक र दाखचोकमा पनि रंगीविरंगी कपडाका टुक्राहरु झुन्ड्याईएको मयलको रुखको हाँगा गाढेर पूजा पनि गरिने चलन छ । साथै, मोहनकाली चोकमा काठ निर्मित हातमा मुरली लिएका श्रीकृष्णको मूर्ति र नौवटा विभिन्नमुद्राका गोपीका मूर्तिहरु सजाई अविर छर्केर पूजा गरिदै आएको छ ।

यस वर्षको होली पर्वको मुख्य दिन चैत ११ र १२ गते परेको छ। ११ गते हिमाली तथा पहाडी जिल्लामा र १२ गते तराई/मधेशका जिल्लामा होलीको सार्वजनिक बिदा दिइएको छ । २०८० चैत्र ०४ गते काठमाडौंको बसन्तपुरमा रङ्गीचङ्गी ध्वजाले सजाइएको तीनतले चीर ठड्याइएको छ । यससँगै रङ्गहरुको पर्व होली सुरु भएको छ । फागुन शुक्ल अष्टमीका दिन काठमाडौंको बसन्तपुरस्थित हनुमानढोका दरबारको गद्दी बैठकको दक्षिणतर्फ चीर ठड्याइपछि देशभर फागु अर्थात् होली पर्व सुरु भएको मानिन्छ । यही प्रचलन अनुसार आइतबार बिहान मानन्धर समुदायले रंगीचंगी ध्वजासहितको चीर ठड्याएका छन् । साथै उनीहरुले एकअर्कालाई अबिर दलेर होली पर्व सुरु भएको जनाउ दिएका छन् । पशुपति, हनुमानढोका दरबारको सुन्दरीचोक, ललितपुरको पाटन दरबार क्षेत्रको कृष्णमन्दिर परिसरमा पनि रंगीचंगी कपडा झुण्ड्याएर होली सुरु भएको जनाउ दिने गरिन्छ ।

होली पर्वले वसन्त ऋतुको आगमनको शङ्खघोष गर्दछ। होली रङ्गहरुको चाड हो। होलीको दिन मानिसहरूले एक अर्कामाथि विभिन्न प्रकारका रङ्गहरु हालेर एक अर्कालाई रङ्गिन बनाउँछन् । होली पर्व मनाउनुको पौराणिक कारण र इतिहास छ । होली खेल्ने दिन भन्दा एक दिन पहिला राती होलीका दहन गरिन्छ । राती होलीका दहन गरिसके पछि बिहान पानीमा रङ्ग घोलेर एक अर्कामाथि फाल्ने चलन छ । सानासाना बालबालिकादेखि वृद्धवृद्धासम्म सबैले होलीमा रमाइलो गर्छन् । युवा-युवतीहरु गीत गाउँदै-नाच्दै होली खेल्छन्। भनिन्छ कि होलीको दिन पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एक( अर्कासित एक अदित्तिय सम्बन्ध स्थापित गर्दछन् । यस पर्वलाई फाल्गुण पूर्णिमाको दिनमा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ। होली पर्व घरपरिवार-साथीभाइ आपसमा रङमा रङ्गिएर उल्लासपूर्वक मनाउने फागुन पुर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरुका हूल तथा जत्थाहरु हातमा रङ र रङ्गीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमङ्गका साथ मनाइने रङ्गीन पर्वको रूपमा लिइन्छ । फागुन शुक्ल अष्टमीको दिन काठमाडौँको वसन्तपुर दरबार अगाडि चीर-विशेषरूपले सजाएको लिङ्गो गाडेपछि होली सुरू भएको मानिने फागुपर्व पूणिर्माको राति उक्त चीर-लिङ्गोलाई ढालेर जलाएपछि समाप्त भएको ठानिन्छ ।

होली पर्व अथवा फागु पूर्णिमा खासगरी नेपाली तथा भारतीयहरूले प्रत्येक वर्षको फाल्गुण शुक्ल पूर्णिमा दिनमा मनाइने हिन्दूहरूको प्रमुख चाड हो। हिन्दू संस्कृति अनुसार यसको इतिहास त्रेता युगसँग जोडिएको छ। त्रेता यूगमा भगवान विष्णुका परमभक्त प्रह्लादसँग यस चाडलाई जोडेर हेरिन्छ, हिरण्यकश्यपुका पुत्र प्रह्लादलाई आफ्नै बहिनी (प्रल्हादकी फुपु) होलिकाले आगोमा भष्म पार्न लाग्दा होलिका आँफै आगोमा भष्म भएकी थिइन र बिष्णु भक्त प्रल्हादलाई केही नभएको त्यही दिनको सम्झनामा होली पर्व मनाउन सुरू भएको मानिन्छ ।

होली पर्व अथवा फागु पूर्णिमा खासगरी नेपाली तथा भारतीयहरुले प्रत्येक वर्षको फाल्गुण शुक्ल पूर्णिमा दिनमा मनाइने हिन्दूहरूको प्रमुख चाड हो। हिन्दू संस्कृति अनुसार यसको इतिहास त्रेता युगसँग जोडिएको छ। त्रेता यूगमा भगवान विष्णुका परम भक्त प्रह्लादसँग यस चाडलाई जोडेर हेरिन्छ, हिरण्यकश्यपुका पुत्र प्रह्लादलाई आफ्नै बहिनी (प्रल्हादकी फुपु) होलिकाले आगोमा भष्म पार्न लाग्दा होलिका आँफै आगोमा भष्म भएकी थिइन र बिष्णु भक्त प्रल्हादलाई केही नभएको त्यही दिनको सम्झनामा होली पर्व मनाउन सुरु भएको मानिन्छ ।

### इतिहास

होलीको बारेमा पौराणिक भनाइ अनुसार प्राचीन समयमा अथवा त्रेता युगमा नास्तिक हिरण्यकश्यपु नामक एक राक्षसको जन्म भएको थियो । हिरण्यकश्यपुलाई भगवान विष्णुले नृसिंह अवतार लिएर मारेका थिए । हिरण्यकश्यपुका छोरा प्रह्लाद बिष्णुका परम भक्त थिए । आफ्नै छोरा प्रह्लादले भगवान विष्णुको आराधना गरेको हिरण्यकश्यपुलाई मन परेको थिएन । त्यसैले उसले प्रह्लादलाई मार्न धेरै योजनाहरु बनाएका थिए । एक योजना अनुसार हिरण्यकश्यपुले छोरालाई अग्निकुण्डमा हालेर मार्न आफ्नी बहिनी होलिका (जसलाई अग्निले पनि डढाउन नसक्ने वरदान पाएकी थिइन्) लाई जिम्मा दिएको थियो। दाजुको आदेश अनुसार होलिका प्रह्लादलाई काखमा लिएर अग्निमा बस्दा आगोले धर्मको साथ दिएकाले होलिका जलेर नष्ट भइन् तर प्रह्लादलाई केही भएन। होलिका दहनकै खुसियाली मनाउन आपसमा रङ्ग र अविर छरेर होली पर्व मनाउने परम्परा चलेको धार्मिक मान्यता रहिआएको छ । भने अर्को एक प्रसङ्ग अनुसार द्वापर युगमा श्रीकृष्णलाई मार्ने उद्देश्यले दूध चुसाउन गएकी कंशकी सेना पुतना नामकी राक्षसनीलाई उल्टै कृष्णले मारिदिएकाले त्यसको शवलाई ब्रजवासीहरुले यसै दिन जलाएर आपसमा रङ्ग र अबिर छरी खुसियाली मनाएकोले त्यसैको सम्झनामा अद्यावधिक चीरदाह गरी होली खेल्ने परम्परा चलेको भनाइ रहेको छ ।

होली हिन्दूहरूको अत्यन्त प्राचीन पर्व हो। इतिहासकारहरु मान्छन् कि यस पर्वको प्रचलन आर्यहरुमा पनि थियो । यस पर्वको वर्णन अनेक पुरातन धार्मिक पुस्तकहरुमा पाइन्छ । नारद पुराण र भविष्य पुराण जस्तो प्राचीन हस्तलिपीहरू र ग्रन्थहरूमा पनि यस पर्वको उल्लेख छ । भारतमा पर्ने विंध्यक्षेत्रको रामगढ भन्ने स्थानमा स्थित ईसापूर्व ३०० वर्ष पुरानो एउटा अभिलेखमा पनि यसको उल्लेख छ । संस्कृत साहित्यमा वसन्त ऋतु र वसन्तोत्सव अनेक कविहरूको प्रिय विषय थियो ।

हिन्दू धर्म मान्नेहरूको बाहुल्यता भएको नेपालमा होलीको रौनक पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भब्य हुन्छ। नेपालमा पहाडी क्षेत्रमा फागुपुर्णिमाको दिन होली मनाइन्छ भने त्यसको भोलीपल्ट मात्र तराईमा होली मनाइन्छ। नेपालको विशेष सहरहरु काठमाडौं, पोखरा, धरान, भरतपुर, बिराटनगर, धनगढी लगायत ठाउँमा होलीको रौनक अझै फरक हुन्छ। विशेष सांस्कृतिक कार्यक्रमहरू र त्यसमाथि रङहरूको वर्षाले सहरको होली अझै रमाइलो र राम्रो देखिन्छ। नेपालका गाँउहरूमा पनि होली भब्यताका साथ मनाइन्छ। होलीमा पानी छ्याप्ने, अबिर, केशरी लगायत रङ लगाउने चलन छ । बर्तमान समयमा होलीले विभिन्न खालका विकृति, विसङ्गतिहरू पनि नभित्र्याएको पनि कहाँ हो र ? होलीमा आजका युवाहरु इच्छा बिपरित रङ्ग दलिदिने, अण्डा फोड्ने, गाडीको मोबिल दल्ने, हिलो लगाइदिने, युवाहरु रक्सी, गाँजा, भांग, खाएर मातिने जस्ता काम गर्छन् जसलाई राम्रो मान्न सकिदैन । नेपालका मुख्य शहरहरूमा होलीका लागि भनेर विभिन्न ठाउँमा कडा सुरक्षा जाँच गरिन्छ।

भक्तपुरमा चिर स्वायगू अथार्त लिङ्ग घुमाएपछि फागुपर्वको सुरूवात भएको मानिन्छ । जगतप्रकाश मल्लको समयमा बनेको दत्तात्रय मन्दिरसँगै रहेको भीमसेनको मन्दिरमा रहेको लिंगको आकृति भएको काठ र रातो कपडाको योनी जुधाएर होलीको सुरूवात गरिन्छ। फागुन शुक्ल अष्टमीको दिन शनिबार भिमसेन मन्दिरमा राखिएको लिङ्ग अथार्त लगलाई टोल-टोलमा पसलै पिच्छे घुमाएर पूजा गरी घुमाएर पुन मन्दिरको पाटीमा राखिने परम्परा छ। काठबाट बनेको दुई हात लामो लिङ्ग करिब ३० इन्च मोटाई रहेको छ। यसलाई भिमसेनको लिङ्ग र कपडाबाट बनाएको प्वाललाई द्रौपतीको योनीको रूपमा लिने गरिन्छ। घर र पसल घुमाएको लिंगलाई भक्तजनले स्पर्षगरी ढोग्ने र दान दक्षिणा चढाएका थिए। लिंगको दर्शन गरे व्यापार फस्टाउने विश्वास रहेको छ। चिर स्वायगू अथार्त लिङ्ग झुन्ड्याएपछि यहाँका नेवार समुदाय भिमसेन मन्दिरमा गई गुठी भोज खाने गर्दछन् । विशेषगरी होली भरी शनिबार र मंगलबार भिमसेन मन्दिरमा भव्य मेला लाग्ने गर्दछ। यहाका गायजु गुठीले भिमसेन मन्दिरको पाटीमा बसेर होलीको गित गाउने गरेका छन् 'भिमसेन देया लज खङ्गलो वानला ल्यासे बिस्यूवाने म्वायक सो झायला' अथार्त यसलाई नेपालीका भिमसेनको लिङ्गले मन लोभियोकी भाग्नु नपर्ने गरी हेर्न आउनु भयो की' जस्ता गित गाउने गर्छन् । फाल्गुन शुक्ल पूर्णिमाका दिन रङ्ग होली खेलेपछि उक्त दिन साझ भक्तपुर तलेजुभित्र कृष्णलाई खटमा राखी १६ प्रकारको रोटी, कपास, गुलाबको फूल, अत्तर र अमुख सहित पूजा गरेपछि नगर परिक्रमा गरिन्छ । त्यसबेला बाटोमा रहेको देवी देवतालाई तेलमा मुछेको अविरको डल्लाले छरी साझपछि दत्तात्रय मन्दिर पुऱ्याउने प्रचलन रही आएको छ। धौभडेलले बताए अनुसार साँझपख दत्तात्रय मन्दिर अगाडिको भिमसेनको मन्दिरबाट लिङ्ग निकाली एक व्यक्तिले बोकेर ब्रम्हायणी मन्दिर स्थित खोलामा लगेर पखाली पुनः मन्दिरमा राखिन्छ । यसरी मन्दिरबाट खोला सम्म लिङ्ग बोकेर लैजाने व्यक्तिको हानाथाप हुन्छ । लिङ्ग पखालेर भीमसेन मन्दिरमा ल्याएपछि यस वर्षको होली समाप्त हुन्छ ।

रंगले हाम्रो मानसिक स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छ। होलीमा विशेषतः रातो, हरियो, पहेँलो तथा नीलो रंग बढी प्रयोग हुन्छ । कुनै पनि रङको प्रयोग गर्नूपूर्व त्यसको फाइदा, बेफाइदा, महत्व र रंगको प्रतीक बुझ्नु आवश्यक छ।

### रातो

रातो रंगलाई शक्ति र सौभाग्यको सूचक मानिन्छ । त्यसैले देवताहरूले रातो रंगको पहिरन लगाएका हुन्छन् । अधिकांशलाई मन पर्ने रंग हो- रातो । यसलाई शुद्धता एवं पवित्रताको प्रतीक मानिन्छ । हरेक धार्मिक कार्यमा यसको प्रयोग हुन्छ। स्वच्छ, सफा र चित्त शुद्धिको प्रतीकका रूपमा लिइने यो रंग होलीमा पनि विशेष प्राथमिकताका साथ प्रयोग गरिन्छ । रातो रंगलाई साहस र प्रेमको प्रतीकका रुपमा पनि लिइन्छ। रातो रंग मन पराउने मानिसहरु महत्वाकांक्षीका साथै जिज्ञासु एवं जोसिला हुन्छन् ।

### हरियो

हरियो रंगलाई प्राण, जीवनशक्ति एवं मार्मिकताको प्रतीक मानिन्छ। यसलाई जीवनशक्तिको भित्री मर्म बुझ्ने जीवित रंग पनि भनिन्छ । हरियो रंग मन पराउने मानिसहरु प्रकृतिलाई माया गर्ने खालका हुन्छन्। उनीहरू झैझगडा पटक्कै मन पराउँदैनन् । यो रंग मन पराउने मानिसहरूको आत्मविश्वास कम हुने विश्वास गरिन्छ ।

### पहेंलो

यो रंगलाई भक्ति र धर्म परायणताका रूपमा लिइन्छ । यो रंग मन पराउने मानिसहरू धर्मकर्मप्रति बढी विश्वास गर्छन् । होली हिन्दू धर्म अवलम्बीहरूको चाड भएकाले यो रंगको विशेष प्रयोग हुन्छ । कतिपय समुदायमा त रातो र पंहेलो अबिर दलेर होली खेल्ने परम्परा पनि छ । यो रंगको सम्बन्ध खुसी र हर्षसँग पनि छ। मनोविज्ञहरूका अनुसार यो रंग मन पराउने मानिसहरु रमाइलो एवं आत्मीय व्यवहार गर्न उत्साहित हुन्छन्।

### नीलो

नीलो रङ्गलाई धर्मयुद्धको प्रतीक मानिन्छ । त्यसैले नील बर्णका भगवान बिष्णुले अधर्मको नाश गर्न र धर्मको रक्षा गर्न प्रत्येक युगमा अवतार लिँदै आएको मान्यता पनि सुन्न पाइन्छ। यो रंगलाई शान्ति र सन्तुलनको प्रतीकका रुपमा लिइन्छ । त्यसैले पनि यो रंगको प्रयोग बढी हुन्छ। यो रंग मन पराउने मानिसहरु सन्तुलित विचारधाराका हुन्छन् ।

### कालो

होलीमा कालो रंगको पनि व्यापक

....बाँकी पृष्ठ ३ मा

# “विद्यार्थी बनेर क्यानडा गएर कामको खोजी गर्नु उचित हुँदैन”

यतिबेला नेपालमा देश नै विदेश गइरहेछ भन्ने चर्चा व्यापक छ । आआफ्नो सीप, दक्षता, क्षमताका आधारमा नेपालीहरु विदेश गइरहेका छन् । पछिल्लो समय क्यानडा मध्यम वर्गीय नेपालीको आकर्षक गन्तव्य बनेको छ । क्यानडामा राम्रो शिक्षा, राम्रो रोजगारी र उतै बसोबास गर्ने गरी स्थानान्तरण हुने अपेक्षासहित नेपालीहरु क्यानडालाई आफ्नो गन्तव्य बनाइरहेका छन् । क्यानडा किन जाने ? कसरी जाने ? कस्ता विद्यार्थी जाने ? क्यानडामा के सम्भावना छ ? क्यानडाका चुनौति र अवसरको विषयमा हेटौँडा-४ का स्थायीवासी क्यानडा सरकारबाट अनुमतिप्राप्त आप्रवासनसम्बन्धी परामर्शदाता विनोद श्रेष्ठ समृद्ध समाज दैनिकका लागि सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंश:

**समाज: क्षमता भएका नेपाली युवा पुस्ताहरू सबै जना मुलुक छाड्दै छन् । त्यो मध्ये पनि नेपाली युवाहरूको आकर्षणको एउटा मुलुक चाहिँ क्यानडा हो । क्यानडामा बसरे काम गर्दा कस्तो देख्नु हुन्छ ? कस्ता मानिसहरू क्यानडा जान रूचाइरहनु भएको छ ?**

**श्रेष्ठ:** अब यो हुन त म क्यानडा बसेको करिब ८ वर्ष भयो । नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा सन् २०१६ मा जाने गरेको नेपालीहरु र अहिले २ देखि ३ वर्षमा जुन तरिकाले नेपालीहरु आउने गरेको छ । त्यो तरिकामा फरक पाउँछु मैल अहिले । पछिल्लो समय विशेष कोरोना महामारीपछि अहिले चाहिँ काम गर्नका लागि जाने र उच्च शिक्षा प्राप्त गर्न पढ्नका लागि ठूलो संख्यामा विद्यार्थी आइरहेको अवस्था छ ।

**समाज: अब विद्यार्थीहरू क्यानडा जाने चाहिँ २ वटा अवस्था देखिन्छ । उच्च शिक्षा र कामका लागि । अध्ययन चाहिँ बहाना भयो, कामका लागि जाने गरेका छन् । क्यानडा पुगेर काम गर्ने अवसरको अवस्था के छ ? उच्च शिक्षाको अवस्था के छ ? शिक्षाको सन्दर्भमा कस्ता विद्यार्थीहरू क्यानडा पुगेका छन् ?**

**श्रेष्ठ:** पछिल्लो समयमा सामाजिक सञ्जालमा जसरी विद्यार्थी भाइबहिनीहरुले कामको विषयलाई लिएर, काम भएन, काम पाएन, काम गर्न सकिएन र कामै छैन क्यानडामा भनेर विद्यार्थीहरुले भन्ने गरेको पाइन्छ । त्यसमा चाहिँ आफुले कुनै क्याटेगोरीका लागि आवेदन दिएको छ । त्यो अनुरुप क्यानडाका सरकारले सेवा सुविधा दिएको छ कि छैन भन्ने कुरा चाहिँ बुझ्न जरुरी छ । अब कुनै विद्यार्थी पढ्छु भनेर क्यानडा जाँदैछ भने त्यो विद्यार्थीहरुले कामको खोजी गर्नु मलाई उचिल जस्तो लाग्दैन । विद्यार्थी बनेर क्यानडा गएर कामको खोजी गर्नु उचित हुँदैन ।

**समाज: अहिलेको समयमा नेपालका कस्ता विद्यार्थीहरू कुन विषयका लागि क्यानडा जान उपयुक्त छ ?**

**श्रेष्ठ:** क्यानडामा पढाईको हिसाबले र कार्यक्रमको हिसाबले कस्तो छ भने स्वास्थ्य क्षेत्र एकदमै उपयुक्त छ । अहिले पनि क्यानडा सरकारले त्यहाँ आफैले विद्यार्थीहरु विभिन्न क्याटगरीमा उत्पादन गर्दा बाहिरबाट विशेषगरी स्वास्थ्य क्षेत्र, आइटी क्षेत्रमा जान उपयुक्त देखिन्छ ।

**समाज: खर्चको सन्दर्भमा एकजना नेपाली विद्यार्थीहरूले क्यानडामा बसेर पढ्नुपर्‍यो भने कति बजेट खर्च हुन्छ ?**

**श्रेष्ठ:** अब ९० प्रतिशत भन्दा बढी विद्यार्थीहरु डिप्लोमाका लागि क्यानडा जाने गर्छन् । त्यो भनेको एक प्रकारको प्रेजिङ कार्यक्रम हो । त्यो चाहिँ क्याम्पसको पढाई हुन्छ । क्याम्पसले चाहिँ छोटो समयमा व्यावसायिक बजारलाई हेरेर मागका आधारमा शैक्षिक कार्यक्रमको ढाँचा निर्माण गर्ने गरेको छ । त्यो एक प्रकारको तालिममा आधारित जस्तो र छोटो समयमा जनशक्ति तयार पार्ने उद्देश्यले तयार पारिएको हुन्छ । त्यसले कसरी बजारमा रहेको जनशक्तिको अभावलाई पूरा गर्न सकिन्छ भनेर तयार गरिएको हुन्छ । त्यो छोटो हुन्छ र आठ महिनादेखि एक वर्षसम्मको हुन्छ । अब यसमा १७ देखि १८ हजार डलर खर्च हुन्छ ।

**समाज: नेपाली २० लाख रूपैयाँ मात्र शिक्षण शूल्कमा खर्च हुन्छ । अरू चाहिँ के छ ?**

**श्रेष्ठ:** अब आज भन्दा १० वर्ष अगाडि क्यानडा सरकारले विद्यार्थीहरु जो पढ्न आउँछन् उनीहरुले शिक्षण शुल्क बाहेक १० हजार डलर चाहिँ अतिरिक्त आफ्नो लिएर आउनुपर्छ भनेको थियो । अहिले त्यसलाई परिवर्तन गरेर डबल बनाएको छ । अहिले २१ हजार चाहिँ विद्यार्थीहरुसँग छ भन्ने तरिकाले आउनुपर्छ । अहिलेलाई मलाई २० हजार डलर चाहिँ आवश्यक पर्छ वर्षका लागि भनेर तयारी गरेर आउनुपर्‍यो । शिक्षण शुल्क बाहेक । यदि काम नगर्ने हो, पढ्ने हो भने ४० लाखको हाराहारीमा पैसा आफुसँग हुनुपर्छ ।



विनोद श्रेष्ठ
आप्रवासनसम्बन्धी परामर्शदाता
क्यानडा

**समाज: यही बुझेर जाने विद्यार्थीहरू कति पाउनुभएको छ ?**

**श्रेष्ठ:** कमै छ त्यस्ता विद्यार्थी । धेरैले यसलाई कसरी बुझ्छन् भने काम गर्ने पढ्ने हिसाबले आएको बुझिन्छ । विद्यार्थीहरुले बुझेको अनुरुप नहुँदा समस्यामा परेको देखिन्छ । विद्यार्थीहरु राम्ररी नपढ्ने, कक्षाबाट भाग्ने, पैसा कमाउनेतिर लाग्ने, आफ्नो पढाई बिगारेका धेरै विद्यार्थीहरु छन् । क्यानडा सरकारले पनि आप्रवासी बन्न धेरै आएको भएर प्रष्ट पारेको छ, प्रेस विज्ञप्ती जारी गरेर विद्यार्थीलाई पढ्न बोलाएको, भिषा दिएको हो काम गर्न दिएको भिषा होइन र यो पढ्न आउने भिषाले पिआरको सम्भावना हुँदैन । त्यसकारणले जो पढ्न आउँछन्, काम र पिआर भनेको भोलि बस्दै जाने क्रममा आफ्नो क्षमता अनुसार आवेदन दिएर पाउने कुरा हो भनेर प्रष्ट पारेको छ ।

**समाज: विद्यार्थीको पाटोमा हामीले विद्यार्थीहरूले असाध्यै अवसर छ भनेर गएको कुरा अलि अगाडि तपाइँहरू पनि आफ्नो पेसा व्यवसायमा स्थापित भइसक्नु भएको छ । शैक्षिक परामर्श संस्थाहरूले चाहिँ कागजपत्र मिलाउने काम पनि गरिरहेको छ । परामर्श संस्थाहरूको सेवा कस्तो भइरहेको पाउनुभएको छ । यहाँबाट कस्तो गुणस्तरीय सेवा प्रदान गरेर वास्तविक सेवा प्रदान गरेर विद्यार्थीहरूलाई पुर्‍याएको पाउनुभएको छ ?**

**श्रेष्ठ:** विद्यार्थीहरु आइरहनुभएको छ । हामीले पछिल्लो समय अलि धेरै समस्या देखेका छौँ । सबैले त्यसो गर्‍यो भनेर भन्दिनँ । विद्यार्थीहरु आएर सफल पनि भएका छन् । कतिलाई चाहिँ सायद वहाहरुले चाहिँ थोरै खोजको कमी भयो कि क्यानडाको बारेमा बुझ्न । कहाँ के-के छ भन्ने कुराको ज्ञान नभएको कारणले विद्यार्थीले थोरै गल्ती भएको हो कि भन्ने कुराको महसुस गरेको छु । दिनहुँ विद्यार्थीहरुले फोन गर्छन् । मलाई यसो भनेको थियो उसो भनेको थियो । यो भएन, त्यो भएन भनेर गुनासो आउँछ । कतिपय अवस्थामा चाहिँ एउटा अभिभावकको अवस्था नै राम्रो नभएको कारणले त्यो अभिभावकले राम्ररी खर्च गर्न सक्नु हुन्न । कुनै पनि विद्यार्थीहरुको क्षमता बुझेर मात्र त्यो ठाउँमा पुर्‍याउनुपर्छ । प्रविधिको समयमा कुनै पनि ठाउँमा जाने बेलामा त्यसको विषयमा खोजी गर्न सकिन्छ ।

## सैनिक कल्याणकारी कोषमा ८२ अर्ब

काठमाडौं: नेपाली सेनाको सैनिक कल्याणकारी कोषमा ८२ अर्बभन्दा बढी रकम जम्मा भएको छ । प्रधान सेनापति प्रभुराम शर्माका अनुसार विसं २०८० पुस मसान्तसम्म ८२ अर्ब ६६ करोड १२ लाख रुपैयाँ जम्मा भएको हो । सैनिक मञ्च टुँडिखेलमा नेपाली सेना कल्याणकारी बोर्डको संयोजन तथा नेपाली सेना जंगी अड्डाको व्यवस्थापनमा आइतबार आयोजित कार्यक्रममा उनले करिब १० लाख हिताधिकारीमार्फत कोषमा ८२ अर्बभन्दा बढी रकम जम्मा भएको जानकारी दिए । उनले विसं २०८० असार मसान्तसम्म ७१ अर्ब पाँच करोड ६१ लाख रुपैयाँ रहेकामा सो रकम वृद्धि भई पुस मसान्तसम्म कोषको कूल रकम ८२ अर्ब ६६ करोड १२ लाख रुपैयाँ पुगेको जानकारी दिए । कल्याणकारी कार्य सोही कोषको ब्याजबाट सञ्चालन हुँदै आएको पनि उनले उल्लेख गरे । सैनिक कल्याणकारी कोषमा हरेक वर्ष करिब छ देखि आठ अर्ब रुपैयाँ खर्च भइरहेको जानकारी दिँदै प्रधान सेनापति शर्माले कोषमा ठूलो रकम देखिएता पनि एकै पटक रकम उपलब्ध गराउन कठिन भइरहेको बताए। प्रधानसेनापति शर्माले कोषलाई कालान्तरसम्म दिगो राख्न आयआर्जनलाई विस्तार गर्न जरुरी रहेको र यस विषयमा सरकारका सम्बद्ध निकायमा कुरा राखिएको उनले जानकारी दिए । *स्रोत: सेतोपाटी ।*

## फागू पूर्णिमा...

प्रयोग हुन्छ । यो रंग ईर्ष्या र स्वार्थसँग सम्बन्धित हुन्छ । यो रंग मन पराउने मानिसहरु आफ्नो इच्छा र भावना खुलस्त रूपमा भन्न चाहँदैनन् । तुरुन्तै रिसाउने खालका हुन्छन् ।

**सेतो**

धेरैलाई मन पर्ने रंग हो- सेतो । यो रंगलाई शुद्धताको प्रतीक मानिन्छ । कर्ममा विश्वास राख्ने व्यक्तिहरु सेतो रंग मन पराउँछन् । चहकिलो सेतो रंगलाई सफा एवं आकर्षणको प्रतीकका रुपमा लिइन्छ ।

भारत, जर्मनी, इटाली, चीन, अमेरिका, जापान, इजिप्ट, इन्डोनेसिया, थाइल्याण्ड आदि देशमा पनि आ-आफ्नै प्रकारले यो पर्व मनाइन्छ । होलीलाई असत्यमाथि सत्यको जितको प्रतीकका रुपमा लिइन्छ । यसैले यस पर्वलाई हर्ष उल्लासको वातावरणमा मनाउनु पर्दछ, । आजभोली होलीको नाममा विभिन्न विकृतिहरु भित्रिरहेका छन्, त्यसलाई हटाउदै जानुपर्ने देखिन्छ । सवैलाई होलीको शुभकामना । *(स्रोत: विभिन्न पत्रपत्रिका, अनलाइन र सामाजिक सञ्जाल)*

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## बालमैत्री घोषणापश्चात् दिगोपनाका लागि रणनीतिक योजना:-

बाल अधिकारका पक्ष बालबचाउ, बाल संरक्षण र बाल सहभागिताको कार्यान्वयन गरी नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो बालमैत्री स्थानीय शासन । संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ दफा १२ को ग बालबालिका सम्बन्धी ऐन २०७५ बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ लगायत बालबालिका सम्बन्धी कानुन तथा कार्यक्रमहरूले समेत बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गरेको छ यसरी स्थानीय व्यवस्था अनुरूप लागू भएको बालमैत्री युक्त व्यवस्थालाई यस विद्यालयले आत्मसाथ गर्दै यस किसिमको कार्य पद्दति र प्रणालीलाई अन्तरभूत गर्ने प्रतिबद्धता गरेको छ ।

विविध जातजाति, भाषा, धर्म, परम्परा र फरक साँस्कृतिक परिवेशबाट सहभागी भएर यस विद्यालयको साझा प्राङ्गणमा रमाइरहेका प्रत्येक बालबालिकाको संरक्षण र सर्वाङ्गीण विकासमा जोड दिँदै सबै सरोकारवालाहरूको सहभागिता सहितको बाल सहभागिताको माध्यमबाट बालबालिकाको अधिकार संरक्षण र प्रवर्धन गर्न विद्यालयले विविध कार्यक्रमहरू सञ्चालन गरी २०८० फागुन २२ गते बालमैत्री युक्त विद्यालय घोषणा पश्चात यसको निरन्तर दिगोपनाको सुनिश्चित गर्नका लागि निम्न रणनीतिक योजनाहरू तयार पारेको छ:-

- बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट अधिकार प्राप्त भई बालबालिकाको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन हुँदै आइरहेकामा आगामी दिनहरूमा पनि ती क्रियाकलापहरुलाई अझ व्यवस्थित बनाउँदै सञ्चालन गर्दै अगाडि बढ्ने ।
- बालमैत्रीयुक्त घोषणा हुनु पूर्वका उपलब्धिहरूलाई कायम राख्ने ।
- स्थापना गरिएका हरेक विधासँग सम्बन्धित क्लब र सम्बन्धित क्लबका पदाधिकारीहरूको नियमित रूपमा मासिक बैठक सञ्चालन गर्न सहजता प्रदान गर्ने र प्राप्त भएका उपलब्धिहरूलाई संस्थागत गर्न ।
- हालसम्म कायम भएका सूचकहरू र त्यसका कार्यविधिहरूको शतप्रतिशत पालना गर्ने र कार्यान्वयनमा ल्याउने ।
- हाल कायम रहेको बालमैत्रीयुक्त विद्यालयको वातावरणलाई आगामी दिनहरूमा अझ गुणस्तरीय बनाउँदै लैजाने ।
- प्रत्येक विद्यार्थीको फरक क्षमता र सिर्जनात्मकतालाई कदर गर्ने ।
- भौतिक पूर्वाधार अन्तर्गत कक्षाकोठा व्यवस्थापन, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, पुस्तकालय, कार्यालय कोठा, सूचना पार्टी र सुझाव पेटीका, फुलबारी आदिको व्यवस्थालाई अझ व्यवस्थित बनाउँदै लैजाने ।
- विद्यालयको सुधारको पक्ष, योजना तर्जुमा, मूल्याङ्कन, निर्णय प्रक्रिया, नीति निर्माणको तह एवम् विद्यालयको भौतिक एवम् शैक्षिक विकासमा बालबालिकाको अनिवार्य सहभागिता रहने ।

## हार्दिक आभार



**“बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी”** भन्ने उद्‌घोषका साथ बालबालिकाको अधिकार सुनिश्चितताका लागि बाल बचाउ, बाल संरक्षण, बालविकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति संरचना कार्य प्रक्रिया प्रणाली र व्यवहारमा संस्थागत गर्दै हेटौंडा उपमहानगर पालिका वडा नम्बर २ मा अवस्थित यस बालजागृति इंग्लिस सेकेण्डरी स्कूल मिति २०८० साल फागुन २२ गते **जिल्लाकै पहिलो बालमैत्री विद्यालय** घोषणा गर्न सफल भएकोमा सम्पूर्ण सहयोगी, शुभेच्छुक, विद्यालयका शिक्षक, कर्मचारी, अभिभावक सम्पूर्णप्रति आभार व्यक्त गर्दछौं ।

**दिनेशप्रसाद भण्डारी, अध्यक्ष**
**विद्यालय सञ्चालक समिति**

**रामकृष्ण तिमल्सिना, अध्यक्ष**
**विद्यालय व्यवस्थापन समिति**

**विनोद सुवेदी**
**प्रिन्सीपल**

**एवम् बालजागृति इंग्लिस सेकेण्डरी स्कूल परिवार**
**हेटौँडा-२, मकवानपुर**

## महिला उद्यमी प्रदर्शनी

# महिलाको सहभागिता विषयमा बहस




समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिजय संघ महिला उद्यमी समितिले पर्यटन कृषि, लघुउद्यम पेशागत, विविध व्यावसायिक तथा सामाजिक क्षेत्रमा महिलाको सहभागिता विषयमा बहस कार्यक्रमको आयोजना गरेको छ। आइतबार हेटौंडा-२ स्थित पल्पसा सदनमा जारी महिला उद्यमी प्रदर्शनीमा बहस कार्यक्रम गरिएको हो।

कार्यक्रममा नेपाल सरकारका पूर्वउपसचिव महेश्वरी विष्ट, सामाजिक विकास अधिकृत चन्द्रा व्यञ्जनकार, अधिवक्ता शान्ति मोक्तान र बैंकर अञ्जली श्रेष्ठले वक्ताको भूमिका निर्वाह गर्नुभएको थियो। बहसलाई प्रतिमा श्रेष्ठले सहजीकरण गर्नुभएको हो।

बहसमा पूर्वउपसचिव विष्टले करिब ३ दशकअघि महिलाले खुलेर बोल्न सक्ने अवस्था नभएको बताउनुभएको छ। ३ दशकअघिको तुलनामा नेपालमा धेरै कुराहरुमा परिवर्तन आए पनि अझै केही कुराहरुमा सुधार आउनुपर्ने बताउनुभयो। महिलाको अभिभावक भएर साथ सहयोगको काममा सबै लाग्नुपर्ने बताउनुहुँदै उहाँले महिलालाई आफ्नो गुनासो पोख्नका लागि एउटा ठाउँको आवश्यक पर्ने धारणा राख्नुभयो।

राजनीतिक दलमा आवद्ध हुनेहरुलाई प्रविधिको बारेमा धेरै ज्ञान नहुने भएकाले महिला उद्यमशीलताको महत्वबारे बुझाउन आवश्यक रहेको उहाँको भनाइ छ। घरायसी कामको बन्धनमा परेको कारणले गर्दा पनि महिला उद्यमीहरुले पछि परेको बताउनुहुँदै घरायसी कामको बोझ कम भएमा महिलाले बाहिरी काम पनि राम्ररी गर्नसक्ने उहाँले प्रष्ट पार्नुभयो।

सामाजिक विकास अधिकृत व्यञ्जनकारले बागमती प्रदेशले महिला र बालबालिकालाई प्रोत्साहन गर्ने काम गरि रहेको बताउनुभयो। महिलालाई प्रोत्साहन गर्नका लागि २०७७ मा जारी कार्यविधिअनुसार प्रदेशबाट महिला उद्यमी छनोट गरेर उत्पादित सामग्रीहरुको रोजगारी दिएको बताउनुभयो। व्यवसायिक लगानीबाट पर्नसक्ने समस्याको मध्यनजर गरेर सबै पालिकाबाट महिलालाई उद्यमी बनाउन प्रस्ताव आह्वान गरेको उहाँले बताउनुभयो।

सकारात्मक हिसाबले उद्योग, व्यवसायमा सबै महिलालाई अवसर दिने गरेको उहाँले बताउनुभयो। प्रदेशस्तरीय ऐन कानुन निर्माण गर्ने उद्देश्यले १ सय १९ स्थानीय तहका महिलालाई हरेक वर्ष आर्थिक सशक्तिकरणको समस्या समाधान गर्नुपर्ने कुरा मध्यनजर गरेर समिति बनाएर महिलालाई थप हौसला र टेवा पुऱ्याउन सबै स्थानीय तहलाई पत्राचार गरेर काम गरिरहेको उहाँले बताउनुभयो।

अधिवक्ता शान्ति मोक्तानले पीडित महिलाहरुले आफूले पाउनुपर्ने अधिकार प्राप्त भए पनि विभिन्न चुनौतीहरुको सामना गर्नुपरेको बताउनुभयो। सबै महिलाहरु आफ्नो अधिकार प्राप्त गर्नका लागि लड्नुपर्ने उहाँले बताउनुभयो। पुरुषको तुलनामा महिलाको जीवनमा धेरै चुनौतीहरु आउने गरेको बताउनुहुँदै ३ वटै तहबाट कानुन निर्माण गर्नका लागि कानुनको कुराहरुलाई प्रदेशमा ल्याउनुपर्ने धारणा राख्नुभयो। कानुनी कुराहरुबारेमा महिलालाई बुझाउन जरुरी रहेको उहाँले औंल्याउनुभयो। कानुनी क्षेत्रमा महिलाको उपस्थिति कम भएका कारणले गर्दा पनि वकालत विषय छनोट गरेको भन्दै महिलाका लागि केही गर्छु भनेर कानुन विषय रोजेको उहाँले बताउनुभयो।

बैंकर श्रेष्ठले निजी क्षेत्रमा महिलाहरुले बढी मात्रामा काम गर्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो। जिम्मेवारीको कुराहरुमा महिलाहरु बढी सक्रिय हुने उहाँले बताउनुभयो। पुरुष भन्दा पनि बढी महिलाहरु शिक्षामा पछाडि परेको उहाँको भनाइ छ। सरकारले महिलाहरुका लागि समानुपातिक कोटा छुट्याएको उहाँको भनाइ छ। महिला उद्यमशीलताको कार्यलाई अगाडि बढाउनका लागि सरकारले बजेट छुट्याएको उहाँले बताउनुभयो।

# पारालिम्पिकमा पलेसा

काठमाडौंः पारा तेक्वान्दो खेलाडी पलेसा गोवर्धनले छनोट चरण पार गर्दै पारालिम्पिकमा छनोट हुने नेपाली खेलाडीको कीर्तिमान बनाइन्। चीनको ताइयाङमा आइतबार भएको पेरिस पारालिम्पिक एसियाली छनोटमा स्वर्ण जित्दै पलेशाले पेरिसको टिकट काटेकी हुन्। छनोट अन्तर्गत के ४४ विधाको महिला ५७ केजी तौलमुनि पलेसाले स्वर्ण जित्दै उक्त ऐतिहासिक उपलब्धी हासिल गरेकी हुन्।

यसअघि नेपालबाट तेक्वान्दोमै संगीना वैद्य र दीपक विष्टले मात्र छनोट चरण पार गरेर ओलम्पिक खेलेका थिए। यसअघि पारालिम्पिकमा सन् २००४ मा नेपालकी निर्मला ज्ञवाली सहभागी भएकी थिइन्। तर उनको छनोट वाइल्ड कार्डमार्फत थियो। पेरिस पारालिम्पिकमा छनोट भएपछि पलेसाले नेपाल तेक्वान्दो संघ, नेपाल पारालिम्पिक कमिटी राष्ट्रिय खेलुकद परिषद् नेपाल र आफ्नो परिवार सबैलाई धन्यवाद दिइन्।

उनले पेरिसमा पनि स्वर्ण पदक ल्याउने लक्ष्यका साथ तयारी गर्ने बताएकी छन्। 'मेरो लागि यो कठिन थियो तर मैले राम्रो गरेँ देशको लागि गोल्ड ल्याएँ। पेरिसमा पनि यसरी नै गोल्ड ल्याउन सकुँ', उनले भनिन्। पलेसाका प्रशिक्षक कविराज नेगी लामाले पनि नेपाली पारा खेलकुदमा यो ऐतिहासिक क्षण रहेको बताए। पलेसाले देशकै इज्जत राख्ने काम गरेको लामाको भनाइ छ। एक महिनाअघि नेपालमा अभ्यास गरेकी पलेसा हाल चीनको सांघाइमा प्रशिक्षण गर्दै थिइन्।

पलेसाले सन् २०२० को टोकियो पारालिम्पिक वाइल्ड कार्ड मार्फत खेलेकी थिइन्। त्यसबेला उनले दुई बाउट जितेर इतिहास रचेकी थिइन्। लगातार दोस्रो पटक पारालिम्पिक पुग्ने क्रममा पलेसाले यस पटक दुई विपक्षीलाई पराजित गर्दै स्वर्ण पदकसहित छनोट भएकी हुन्। पलेशाले के-४४ अन्तर्गत महिला ५७ केजीमुनि तौल समूहको सेमिफाइनलमा उज्बेकिस्तानकी खेलाडी करिमा मेलिकुजिएभालाई १८-२ को फराकिलो अन्तर ले पराजित गरिन्। उनले फाइनलमा इरानकी लेल्ला मिर्जाईलाई ५-४ ले पराजित गरिन्। फाइनलमा सुरुवातमा २-२ को स्कोर भएपनि त्यसपछि पलेसाले अग्रता लिँदै अन्तिमसम्म कायम राखेकी थिइन्। *स्रोतः अनलाइनखबर।*

## शुक्रबार र शनिबार

# जिल्लास्तरीय ब्याडमिन्टन

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा शुक्रबार र शनिबार प्रथम संस्करणको जिल्लास्तरीय खुला नकआउट ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ। आइतबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै संघका वरिष्ठ उपाध्यक्ष विजयसिंह ठकुरीले हेटौंडा-११, थानाभऱ्याङको कभर्डहलमा हुन लागेको प्रतियोगिताको बारेमा जानकारी गराउनुभएको हो।

प्रतियोगितामा जिल्लाभित्रका स्थायी बासिन्दा र व्यापार व्यवसायमा आवद्ध भएका खेलाडीहरु सहभागी हुन पाउने उपाध्यक्ष ठकुरीले बताउनुभयो। प्रतियोगितामा ४५ वर्ष उमेर समूह र खुला उमेर समूहका खेलाडीहरुको सहभागिता रहने उहाँले बताउनुभयो। खुलातर्फ करिब ६० जना र ४५ वर्ष उमेर समूहको भेट्रान्सतर्फ २० वटा टिम सहभागी हुने अनुमान रहेको उहाँले बताउनुभयो।

थाहा नगरपालिका, कैलाश गाउँपालिका, बागमती गाउँपालिका, राक्सिराङ गाउँपालिका, इन्द्रसरोवर गाउँपालिकाबाट आउने टिमहरुका लागि प्रतियोगिता अवधिभर निःशुल्क खाने र बस्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो। प्रतियोगिताको टिमदर्ता शुल्क १ हजार रुपैयाँ तोकिएको छ। ब्याडमिन्टन खेलको विकास गर्न, जिल्लाबाट नयाँ खेलाडीहरु उत्पादन गर्न, रेफ्री उत्पादन गर्न, हलहरु व्यवस्थापन गर्नका लागि प्रतियोगिता आयोजना गर्न लागेको हो।

भेट्रान्सतर्फको उपाधि विजेता टिमले २० हजार रुपैयाँ र उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने खुलातर्फको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको २ जना उत्कृष्ट खेलाडीहरुलाई ५-५ हजार रुपैयाँ नगद राशिसहित पुरस्कृत गरिनेछ।

यस्तै, प्रतियोगितामा सहभागी २० वर्षभन्दा कम उमेर समूहका खेलाडीलाई वर्ष २०८० को उदीयमान खेलाडीको पुरस्कार प्रदान गरिने जनाइएको छ। प्रतियोगिता आयोजनाका लागि करिब ९ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। प्रतियोगिताका लागि हेटौंडा उपमहानगर पालिका र हेटौंडाका ११ वटा वडाहरुबाट सहयोग प्राप्त हुने जनाइएको छ।

# बचतकर्ताको २ करोड रकम लिएर सञ्चालक फरार

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-२, मानसचोकमा रहेको साहारा किस्ताबन्दी कार्यक्रमका सञ्चालक बचतकर्ताको रकम हिनामिना गरेर फरार भएका छन। २०५८ सालबाट सञ्चालनमा रहेको उक्त संस्थाका सञ्चालक हेटौंडा-८, ओमनगरका सरोज थापा सम्पर्कविहीन भएका हुन्।

झण्डै ५ सय ५० जना सदस्य र हेको संस्थामा २ करोडको कारोबार रहेको संस्थामा कार्यरत कर्मचारीहरुले जानकारी दिएका हुन्। संस्थाका सञ्चालक थापाले गत बुधबारबाट संस्था बन्द गरेर सम्पर्कमा नरहेको कर्मचारीहरुले जानकारी दिएका छन्।

हेटौंडा र भीमफेदीमा कारोबार गर्दै आएको उक्त संस्थामा ४ जना कर्मचारीहरु रहेका छन्। संस्थामा केवल थापा, गंगा अधिकारी, अनिता महतलगायत कर्मचारीले भीमफेदी र हेटौंडा बजार क्षेत्रमा संस्थाको तर्फबाट रकम संकलन गर्दै आएका हुन्।

धेरै दिनसम्म कार्यालय नखुलेपछि संस्थाका कर्मचारीहरुले सम्पर्क गर्न खोज्दा संस्थाका सञ्चालक सरोज थापा र उनको श्रीमती बिना पौडेल सम्पर्कमा नआएको बताएका छन्। सञ्चालक सम्पर्कमा नआएपछि बचतकर्ताको दबावपश्चात् कर्मचारीहरुले गत फागुन २९ गते जिल्ला प्रशासन कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय मकवानपुरमा निवेदन दिएकोसमेत कर्मचारीले जानकारी दिएका छन्।

# सिद्धार्थ माविको प्रधानाध्यापकमा कर्ण




*नवनियुक्त प्रधानाध्यापक परमानन्द सरोज कर्ण।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित सिद्धार्थ माविको प्रधानाध्यापकमा परमानन्द सरोज कर्ण नियुक्त हुनुभएको छ। आइतबार बिहान बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले कर्णलाई प्रधानाध्यापक नियुक्त गर्ने निर्णय गरेको हो। बैठकमा वडा प्रतिनिधिको रुपमा वडाअध्यक्ष विष्णुगोपाल महर्जनको पनि उपस्थिति रहेको थियो।

मावि द्वितीय श्रेणीको ज्येष्ठ शिक्षकको रुपमा रहनुभएका कर्णलाई प्रधानाध्यापक नियुक्त गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेले जानकारी दिनुभयो। अंग्रेजी विषयको मावि तहको शिक्षकको रुपमा ३० वर्षदेखि कार्यरत कर्ण २५ वर्षदेखि सिद्धार्थ माविमै अध्यापन गर्दै आउनुभएको छ। यसअघिका प्रधानाध्यापक मोहन प्रसाद शर्माले अनिवार्य अवकास पाउनुभएको थियो।

कर्णले २०५३ सालमा धानुषा जिल्लाको जनकपुरस्थित बीपी कोइराला क्याम्पसबाट स्नातक तह उत्तीर्ण गर्नुभएको थियो भने २०६३ सालमा हेटौंडा स्कूल अफ म्यानेजमेन्टबाट स्नात्तकोत्तर तह उत्तीर्ण गर्नुभएको छ। नवनियुक्त प्रधानाध्यापक कर्णले विद्यालयलाई बालमैत्री घोषणा गर्ने, नगरपालिका अगाडिकै विद्यालयलाई नमूनाको रुपमा विकास गर्ने, काठमाडौं महानगरका प्रमुखले सञ्चालन गर्नुभएको बुक फ्रि फ्राइडे कार्यक्रम लागु गर्ने योजना रहेको बताउनुभयो।

सबै शिक्षक, कर्मचारी साथीहरुसँग सल्लाह गरेर योजना बनाएर काम गर्ने उहाँको भनाइ छ। २ नम्बर वडाकै एक मात्र सरकारी विद्यालयको रुपमा रहेको सिद्धार्थ माविमा कक्षा १२ सम्म पठनपाठन हुन्छ। सिद्धार्थ माविमा २ हजार २३ जना विद्यार्थी अध्ययनरत छन्।

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ। डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेँलो निभाऔँ। डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं।

**डिभिजन वन कार्यालय, मकवानपुर**

**फ्ल्याट भाडामा चाहियो तु सम्पर्क गर्नुहोस्।**

हेटौंडा-५ पुष्पलालपार्क नजिकै सुबिधा सम्पन्न फ्ल्याट (गाडी पार्किङसहित ३ वटा बेडरुम, एउटा बैठक कोठा, अट्याच बाथरुम) खाली रहेकोले आवश्यक व्यक्तिले तु सम्पर्क गर्नुहोला।

सम्पर्क नं.
९८४५४८८३४४




**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ